(सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण)

२०७८ बैशाख-असार

सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

नेपाल सरकार

उर्जा, जलश्रोत तथा सिचांइ मन्त्रालय

# जल तथा मौसम विज्ञान विभाग

# विषय सूची


१ परिचय ....................................................................................................... ३

२ काम, कर्तव्य र अधिकार.................................................................................. ३

३ संगठनात्मक संरचना......................................................................................... ४

४ जिम्मेवार अधिकारी र टेलिफोन नम्बरहरु............................................................... ५

५ प्रमुख, प्रवक्ता तथा सूचना अधिकारीको विवरण .......................................................... ५

६ विभागवाट प्रदान गरिने सेवा, प्राप्त गर्न लाग्ने दस्तुर र अवधि ............................................ ५

७ सम्पादन गरेका मुख्य मुख्य कामको विवरण.............................................................. ८

८ विभागको वेवसाईट ...................................................................................... १०

९ विभागमा परेका सूचना माग सम्वन्धी निवेदनः.......................................................... १०

## १ परिचय

जलस्रोत, कृषि, सिंचाइ, जलविद्युत्, स्वास्थ्य तथा खानेपानी, यातायात, हवाई उड्डयन, पर्यटन, भौतिक पूर्वाधार विकास लगायतका क्षेत्रको क्षेत्रगत विकास र जल तथा मौसमजन्य विपद जोखिम न्युनीकरणका लागि आवश्यक तथ्यांक संकलन, व्यवस्थापन, पूर्व सूचना प्रणालीको विकास र विस्तार मार्फत सूचना प्रवाह गरी धनजनको क्षति न्युनीकरणमा सहयोग पुर्याउनु यस विभागको मुल उद्देश्य रहेको छ। यस विभागमा ४ वटा महाशाखाहरु र सो अन्तर्गत १८ वटा शाखाहरु रहेका छन। विभाग मातहत धरान, भैरहवा, पोखरा र कोहलपूरमा गरी ४ वटा जल तथा मौसम विज्ञान कार्यालयहरु तथा नारायणी बेसिन फिल्ड कार्यालय, चितवन र महाकाली बेसिन फिल्ड कार्यालय, कैलाली रहेका छन।यसै गरी त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा काठमाडौं एयरपोर्ट एरोसिनप्टिक एकाई सहित भद्रपुर, लुक्ला, तुम्लिङटार, विराटनगर, सिमरा, जनकपुर, पोखरा, मुस्ताङ, भैरहवा, नेपालगञ्ज, सिमिकोट, सुर्खेत, ताल्चा एयरपोर्टमा गरी १४ वटा एरोसिनप्टिक फिल्ड केन्द्रहरु रहेका छन भने ताप्लेजुङ्ग, ओखलढुङ्गा, धनकुटा, दाङ, जुम्ला, डडेल्धुरा र दिपायलमा गरी ७ वटा सिनप्टिक फिल्ड केन्द्रहरु रहेका छन।

## २ काम, कर्तव्य र अधिकार

जल तथा मौसम विज्ञान विभागको प्रमुख काम नेपाल भित्रको नदी, खोला, तालतलैया, हिमनदी, हिमताल हिमक्षेत्र, थिग्रेनी तथा जलगुण, जल, जलवायु र मौसम सम्बन्धी तथ्याकं संकलन गर्ने, प्रशोधन गर्ने तथा उपयोगकर्ताको माग अनुसार तथ्याकं उपलब्ध गर्ने रहेको छ। यस वाहेक हवाई उडानको लागि आवश्यक तत्कालिन मौसम र मौसम पूर्वानुमान सम्बन्धी सूचना नेपाल नागरिक उड्डयन प्राधिकरणलाई उपलव्ध गराउनु, तीन दिनको मौसम भविष्यवाणी गर्नु , कृषि हावापानी तथा जलवायु सम्बन्धी वुलेटिन जारी गर्नु लगायत बाढी पूर्वानुमान तथा पुर्वसुचना जनसमुदायमा सम्प्रेषण गर्नु र विपद व्यवस्थापन संजाल मार्फत् स्थानिय तहसम्म बाढी पुर्व सूचना प्रवाह गर्नु विभागको कार्यक्षेत्र भित्र पर्दछ। यस बाहेक जल तथा मौसम संग सम्बन्धित कुनै पनि आधिकारीक सूचना समय सापेक्ष उपलव्ध गराउने, जल तथा मौसमको क्षेत्रमा राष्टिय नीति, निर्देशिका तर्जुमा गर्दा सल्लाह प्रदान गर्ने, जल, जलवायु र मौसमको क्षेत्रमा काम गर्ने राष्ट्रिय, क्षेत्रिय तथा अन्तराष्ट्रिय संघसंठनसंग आवद्ध भई जल तथा मौसम सम्बन्धी कृयाकलापहरु सञ्चालन गर्ने कार्य यस विभागले गर्दछ।

मौसम तथा बाढी पूर्वानुमान, पूर्व सूचना प्रणालीको विकास, जल, जलवायु र मौसम, हिमनदी तथा हिमताल संग सम्वन्धित अध्ययन अनुसन्धान तथा सूचना आदान प्रदान, जल तथा मौसमी राडार, रेडियोसोन्ड, चटयाङ नेटवर्क, सौर्य विकीरण लगायत जल तथा मौसम विज्ञान केन्द्रहरुको सञ्चालन एवं व्यवस्थापन सम्वन्धी कार्य र सो संग सम्वन्धित सेवाहरु प्रदान गर्ने कार्य यस विभागले गर्दै आएकोछ।

## ३ संगठनात्मक संरचना



## ४ जिम्मेवार अधिकारी र टेलिफोन नम्बरहरु

| सि.न. | विभाग/महाशाखा | जिम्मेवार अधिकारी | टेलिफोन नम्वर |
|---|---|---|---|
| १ | बिभाग | महानिर्देशक, श्री सरजु कुमार वैद्य | ४२१९०४७ |
| | हावापानी विज्ञान महाशाखा | उपमहानिर्देशक, डा. जगदिश्वर कर्माचार्य | ४२५८२७० |
| | बाढी पूर्वानुमान महशाखा | उपमहानिर्देशक, श्री कमल राम जोशी | ४२५८२४५ |
| | मौसम पूर्वानुमान महाशाखा | उपमहानिर्देशक, डा. अर्चना श्रेष्ठ | ४२१५३९६ |
| | जल विज्ञान महाशाखा | उपमहानिर्देशक, डा. राजन भट्टराई | ४२१९०५२ |

## ५ प्रमुख, प्रवक्ता तथा सूचना अधिकारीको विवरण

| क्र.सं. | पदाधिकारी | नाम |
|---|---|---|
| १ | महानिर्देशक | सरजु कुमार वैद्य |
| २ | गुनासो सुन्ने अधिकारी | डा. जगदिश्वर कर्माचार्य, उपमहानिर्देशक |
| ३ | प्रवक्ता | सुमन कुमार रेग्मी, सिनियर डिभिजनल मेटेरियोलोजिष्ट<br>सम्पर्क: ९८६३४७७९15 |
| ४ | सूचना अधिकारी | राम प्रसाद अवस्थी, सिनियर डिभिजनल हाईड्रोलोजिष्ट<br>सम्पर्क: ९८६३४७७९१६ |

## ६ विभागवाट प्रदान गरिने सेवा, प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

१) **जल तथा मौसमी तथ्याङ्क:** जल तथा मौसम सम्बन्धी तथ्याङ्क प्रमाणीकरण गर्न निवेदन सहित रु. ५०० शुल्क दाखिला गरी उपलब्ध गर्न सकिन्छ भने अन्य तथ्याङ्क तोकिएको दस्तुर तिरेर प्राप्त गर्न सकिनेछ ।प्रमाणीकरणका लागि २ दिनसम्म समय लाग्न सक्दछ भने जल-मौसमी तथ्याङ्क सधारणतया १ घण्टा देखि १ दिनसम्ममा प्राप्त गर्न सकिन्छ तर तथ्याङ्कको उपलब्धता हेरी कतिपय अवस्थामा ७ दिनसम्मको समय लाग्न सक्नेछ। जल र मौसम सम्वन्धी तथ्याङ्कका लागि क्रमश: जल तथ्याङ्क तथा नेटवर्क शाखा र हावापानी तथ्याङ्क तथा नेटवर्क शाखामा सम्पर्क गर्न सकिनेछ। ।तथ्याङ्क सम्वन्धी विस्तृत विवरण विभागको वेवसाईटमा वा निम्न लिङ्कमा हेर्न सकिनेछ:

जल तथ्याङ्क दस्तुर: http://dhm.gov.np/uploads/getdown/291712417Hydrological%20Data%20Rate.pdf

मौसमी तथ्याङ्क दस्तुर: http://dhm.gov.np/uploads/getdown/461MetDataRevPriceList.pdf

तथ्यांक मागको फारम: http://dhm.gov.np/requestfordata/ र Online माध्यमबाट भुक्तानी तथा तथ्यांक प्राप्त गर्ने तरिका: http://dhm.gov.np/uploads/getnotice/746534867online%20data.pdf

२) **पूर्वानुमान सेवाः** मौसम पूर्वानुमानका लागि यस विभागको मौसम पूर्वानुमान महाशाखा र बाढी पूर्वानुमानका लागि बाढी पूर्वानुमान महाशाखाबाट सूचना निःशुल्क रुपमा उपलब्ध गराइन्छ।

- मौसम सम्बन्धी जानकारीका लागि सम्पर्कः मौसम पूर्वानुमान महाशाखा, जल तथा मौसम विज्ञान विभाग, त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल (TIA), गौचर, काठमाडौ, फोनः ०१-४४८६८६९, ०१-४११३१९१, नोटिस बोर्डः १६१८-०७०७-३३३३,
  Facebook:www.facebook.com/dhmweather,
  Twitter: www.twitter.com/dhm_weather

- बाढी सम्वन्धी जानकारीका लागि सम्पर्कः बाढी पूर्वानुमान महाशाखा, जल तथा मौसम विज्ञान विभाग, बबरमहल, काठमाडौं, टोल फ्रि नम्वरः ११५५, Twitter: Nepal Flood Alert (नेपाल बाढी सूचना) र Facebook: Nepal Flood Alert (नेपाल बाढी सूचना)

३) **जलवायु सम्वन्धी सूचनाः** दैनिक, सप्ताहिक र ऋतुगत जलवायु तथा कृषि हावापानी सम्वन्धी सूचना र प्रतिवेदन निशुल्क रुपमा विभागको वेवसाईट http://dhm.gov.np/climate/ वाट प्राप्त गर्न सकिनेछ।

**विभागको नागरिक वडापत्र**

| क्र. सं. | कामको विवरण | आवश्यक कागजातहरू | काम गर्ने अवधि | जिम्मेवार शाखा | लाग्ने दस्तुर (रु) | प्रारम्भिक गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १ | दर्ता/चलानी तथा सोधपुछ | मौखिक | तुरुन्त | प्रशासन शाखा, कोठा नं. १०१ | निःशुल्क | प्रमुख, प्रशासन शाखा, कोठा नं. ५०२ |
| २ | खरिद सम्बन्धि सेवा | रित पूर्वकको कागजात सहितको निवेदन | २ दिन | खरिद ईकाई, कोठा नं. ३०१ | तोकिए बमोजिम | गुनासो सुन्ने अधिकारी, कोठा नं. ८०५ |
| ३ | आर्थिक प्रशासन सम्बन्धि सेवा | रित पूर्वकको कागजात सहितको निवेदन | नियममा तोकिएको हकमा सोही बमोजिम अन्यथा ३ दिन | आर्थिक प्रशासन शाखा, कोठा नं. ६०४ | निःशुल्क | गुनासो सुन्ने अधिकारी, कोठा नं. ८०५ |
| ५ | जल विज्ञान तथ्याङ्क (जल प्रवाह, जल सतह, थिग्रेनी, जलगुण) | निवेदन, तथ्याङ्क माग फाराम, ( राजस्व छुटको हकमा | १ दिन | जल विज्ञान तथ्याङ्क शाखा, कोठा नं. २०९ | तोकिए बमोजिम | प्रमुख, जल विज्ञान महाशाखा, कोठा नं. ७०५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सिफारिश) | | | | |
| ६ | जल विज्ञान तथ्याङ्क प्रमाणिकरण | निवेदन | २ दिन | जल विज्ञान तथ्याङ्क शाखा, कोठा नं. २०९ | ५००।- | प्रमुख, जल विज्ञान महाशाखा, कोठा नं. ७०५ |
| ७ | ताल, तलैया, सिमसार सम्बन्धि सूचना | मौखिक / निवेदन | १ दिन | थिग्रेणी तथा जलाशय शाखा, कोठा नं. १०३ | निःशुल्क | प्रमुख, जल विज्ञान महाशाखा, कोठा नं. ७०५ |
| ८ | हिम, हिमताल, हिमजल, हिम नदी सम्बन्धि सूचना | मौखिक / निवेदन | १ दिन | हिम सर्भेक्षण तथा हिमताल शाखा, कोठा नं. १०४ | निः शुल्क | प्रमुख, जल विज्ञान महाशाखा, कोठा नं. ७०५ |
| ९ | बाढी तथा दैनिक जलप्रवाह पूर्वानुमान सूचना | मौखिक / निवेदन | १ घण्टा | बाढी पूर्वानुमान शाखा, कोठा नं. २०६ | निः शुल्क | प्रमुख, बाढी पूर्वानुमान महाशाखा, कोठा नं. ५०५ |
| १० | हावापानी तथ्याङ्क (तापक्रम, वर्षा, आद्रता, वायुको दिशा र गति, माटोको तापक्रम, सौर्य अवधि, आदि) | निवेदन, तथ्याङ्क माग फाराम, (राजस्व छुटको हकमा सिफारिश) | बढिमा ७ दिन | हावापानी तथ्याङ्क तथा नेटवर्क शाखा, कोठा नं. ४०५ | तोकिए बमोजिम | प्रमुख, हावापानी विज्ञान महाशाखा, कोठा नं. ८०५ |
| ११ | मौसमी तथ्याङ्क प्रमाणिकरण | निवेदन | बढिमा ७ दिन | हावापानी तथ्याङ्क तथा नेटवर्क शाखा, कोठा नं. ४०५ | ५००।- | प्रमुख, हावापानी विज्ञान महाशाखा, कोठा नं. ८०५ |
| १२ | प्रकाशित मासिक, ऋतुगत तथा वार्षिक हावापानी प्रतिवेदन, जलवायु सम्बन्धि जानकारी, हावापानी अनुगमन प्रतिवेदन आदि | निबेदन / मौखिक | बढिमा ३ दिन | हावापानी विश्लेषण शाखा, कोठा नं. ३०४ | निःशुल्क | प्रमुख, हावापानी विज्ञान महाशाखा, कोठा नं. ८०५ |
| १३ | साप्ताहिक कृषि मौसमी प्रतिवेदन | निवेदन | बढिमा ३ दिन | कृषि हावापानी शाखा, | निःशुल्क | प्रमुख, हावापानी विज्ञान महाशाखा, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | कोठा नं. ३०९ | | कोठा नं. ८०५ |
| १४ | मौसमी उपकरण सम्बन्धि जानकारी | निबेदन / मौखिक | बढिमा ३ दिन | क्यालिब्रसन तथा उपकरण व्यबस्थापन शाखा,<br>कोठा नं. ३१० | निःशुल्क | प्रमुख, हावापानी विज्ञान महाशाखा, कोठा नं. ८०५ |
| १५ | मौसमी अवस्थाको अनुगमन, पूर्वानुमान तथा पूर्वसूचना | मौखिक / निबेदन | १ घण्टा | मौसम पूर्वानुमान शाखा,<br>त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, गौचर | निःशुल्क | प्रमुख, मौसम पूर्वानुमान महाशाखा, कोठा नं. ६०५ |
| १६ | हवाई मौसमी अवस्थाको अनुगमन, पूर्वानुमान तथा पूर्वसूचना | मौखिक / निबेदन | १ घण्टा | हवाई उड्डयन मौसम शाखा,<br>त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, गौचर | निःशुल्क | प्रमुख, मौसम पूर्वानुमान महाशाखा, कोठा नं. ६०५ |
| १७ | मौसम केन्द्र अवलोकन तथा पूर्वानुमान बिधि सम्बन्धि जानकारी | निवेदन | बढिमा ७ दिन | मौसम पूर्वानुमान महाशाखा, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, गौचर | निःशुल्क | प्रमुख, मौसम पूर्वानुमान महाशाखा, कोठा नं. ६०५ |

७ **सम्पादन गरेका मुख्य मुख्य कामको विवरण**

१) दैनिक विहान र साँझ तीन दिने मौसम पूर्वानुमान र मूख्य शहरहरुको मौसम पूर्वानुमान, हवाई मौसम, उड्डयन मौसम पूर्वानुमान सेवा तथा दैनिक विहान बाढी पूर्वानुमान सेवा प्रवाहको कार्य।

२) ५ वटा विशेष मौसम पूर्वानुमान र बाढी पूर्वानुमान बुलेटिन प्रकासन तथा बाढी पुर्वसूचना सम्वन्धी ३५ लाख ४० हजार मोबाईल सन्देश सर्वसधारण नागरिक र सरोकारवालाहरुलाई पठाईएको।

३) दैनिक जलवायु सम्वन्धी प्रतिवेदन प्रकाशन तथा सप्ताहिक कृषि मौसम पूर्वानुमान सेवा प्रदान।

४) मनसुन अवधीको हावापानीको आवधिक आंकलन सम्वन्धमा मनसुन शुरुवात हुन पुर्व नै सरोकारवालाहरु सम्मिलित मनसुन फोरम कार्यक्रमको आयोजना गरी सम्भावित मनसुनी वर्षा र हावापानीको अवस्थाका वारेमा जानकारी प्रदान तथा सो सम्वन्धमा छलफल गरी मनसुन अवधीको हावापानीको आवधिक आंकलन सार्वजनिक गरिएको।

५) माग वमोजिम जल तथा मौसम तथ्याङ्कहरु नियमित प्रदान।

६) बागमती वेसिन अन्तर्गतका जलमापन केन्द्र अपग्रेडिङ र बाढीका केन्द्रहरुमा जल प्रवाह मापन तथा मर्मत सुधार कार्य ।

७) जलमापनको लागि ADCP, Camera-based Flow measurement, ट्रेसरल्याब संचालन र जलगुण केन्द्रको लागि आवश्यक ट्रेसर केमिकल, X-RAY Diffractometer, Boom Vacum pump र बाढी भविष्यवाणी केन्द्रहरुको लागि आवश्यक sensor, RLS, Data Logger, Communication System लगायत उपकरण खरिद कार्य।

८) हिम केन्द्रहरुको Data Digitization कार्य।

९) प्रमूख नदीहरुमा जलप्रवाह मापन तथा मर्मत सम्भार कार्य।

१०) सनसाइन कार्ड, म्यनुअल थर्मोमीटर (अडीनरि थर्मोमीटर, अधिक्तम थर्मोमीटर, न्युनतम थर्मोमीटर. सोईल थर्मोमीटर), मेजरिङ स्टिक, रेडियोसोन्ड केन्द्र सञ्चालनका निम्ति बेलुन तथा अन्य Spare Parts, Minamata convention अनरुप मर्करीयुक्त Thermometer हरु क्रमबद्ध विस्थापनार्थ Digital system खरिद, फिल्ड Rainfall Calibrator, AWS Mobile Calibration System, Weather Camera खरिद तथा जडान कार्य।

११) Kathmandu Aero-synoptic station, Lightning station, Radiosonde, RADAR, AWS मर्मत संभार कार्य

१२) Aviation weather mobile app for pilot र SOP development for weather observation and forecast निर्माण।

१३) रेडियो नेपालसंगको सहकार्यमा रेडियो नेपालको केन्द्रिय प्रसारणमा प्रत्येक हप्ताको शुक्रबार बिहान ८ बजेको अग्रेजी समाचार पछि रेडियो मौसम चौतारी कार्यक्रम सञ्चालन।

## खर्च विवरण

| कार्यक्रम | वार्षिक लक्ष्य (रु लाख) | | | हालसम्मको खर्च प्रगति (रु लाख) | | | वित्तिय प्रगति (%) | भौतिक प्रगति % |
|---|---|---|---|---|---|---|---|---|
| | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा | | |
| जल तथा मौसम विज्ञान विभाग | १२११.० | ६२०६.९ | ७४१७.९ | ८४०.४० | २०४४.९० | २८८५.३० | ३८.९० | ५५.९२ |
| प्राथामिकता प्राप्त नदि बेशिन बाढी जोखिम ब्यवस्थापन आयोजना | ४१.४ | ९७९.९ | १०२१.३ | १.६६ | ०.०० | १.६६ | ०.१६ | १.०० |
| जलवायु प्रकोप समुत्थान निर्माण आयोजना | ३३९८.४ | ४९२३.६ | ८३२२.० | २८०.८७ | ३३५९.७१ | ३६४०.५८ | ४३.७५ | ७६.३० |
| जल तथा मौसम विज्ञान कार्यक्रम | ११७४.० | १३३४.० | २५०८.० | ८८५.८८ | ९३४.२२ | १८२०.१० | ७२.५७ | ८४.०० |

### बेरुजु सम्वन्धी विवरण (आ.व. २०७७/७८)

जम्मा बेरुजु २५ करोड ६२ लाख २२ हजार, आ.व. २०७७/७८ मा फछ्र्योट भएको कुल बेरुजु रकम ७ करोड ५८ लाख ७० हजार (फछ्र्योट प्रतिशतः २९.६१%)।

### राजस्व/आम्दानी विवरण (आ.व. २०७७/७८)

तथ्याङ्क विक्रिवाट प्राप्त रकमः २१ लाख ८१ हजार ६ सय ५९।

अन्य प्रशासनिक सेवा शुल्कः ५ लाख ६२ हजार ५ सय २५ ।

### ८ विभागको वेवसाईट

यस जल तथा मौसम विज्ञान विभागको वेवसाइट www.dhm.gov.np, www.hydrology.gov.np, www.mfd.gov.np रहेको छ।

### ९ विभागमा परेका सूचना माग सम्वन्धी निवेदनः

लिखित माग भएको र उपलब्ध गराएको सूचना १ वटा

**प्रस्तुत विवरण विभागको वेवसाइट www.dhm.gov.np मा हेर्न सकिनेछ।**

फोन नंवरः ४२११५३०, ४२१९०५२ ईमेलः info@dhm.gov.np